नेपाल राष्ट्र बैंक

प्रेस समाचार

# गभर्नर अधिकारी 43rd SEACEN Board of Governors' (BOG) Meeting र 59th SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी

गभर्नर महाप्रसाद अधिकारी २०८० फागुन ३ र ४ गते भारतको मुम्बईमा आयोजित 43rd SEACEN Board of Governors' (BOG) Meeting 59th र SEACEN Governors' Conference/High-Level Seminar मा सहभागी हुनुभयो ।




भारतीय रिजर्व बैंकद्वारा आयोजित उक्त सम्मेलनको पहिलो दिन 'Navigating Economic Headwinds and Advancing Financial Inclusion: Perspectives and Challenges' विषयक सेमिनार सम्पन्न भयो । सेमिनारमा SEACEN का कार्यकारी निर्देशक मङ्गल गोस्वामीले स्वागत मन्तव्य राख्नुभयो भने रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासले सम्मेलनको उद्देश्य र महत्वबारे प्रकाश पार्नुभएको थियो । सो अवसरमा 'The Drivers and Road to Achieving Inflation Targets - Challenges Ahead', 'Challenges and Implications of Higher for Longer Interest Rates' र 'Leaving No One Behind: The Role of Digital Public Infrastructure in Financial Inclusion' तीन वटा सेसनमा प्यानल छलफल भएको भयो । त्यस क्रममा कोभिड-१९ सङ्क्रमण यताको अवधिमा विश्व अर्थतन्त्रले सामना गरेका मुद्रास्फीति, उच्च ब्याजदर, भू-राजनीतिक तनावलगायतका चुनौतीबारे विस्तृत छलफल भएको थियो ।

सम्मेलनको तेस्रो सेसनमा गभर्नर अधिकारी प्यानलिष्टको भूमिकामा सहभागी हुनुभयो । सो अवसरमा उहाँले 'डिजिटल फाउण्डेसन' स्थापनामा पछिल्लो समय नेपालले उल्लेख्य प्रगति हासिल गरेको उल्लेख गर्दै सन् २०२६ सम्ममा 'केन्द्रीय बैंक विद्युतीय मुद्रा' पाइलट परीक्षण गर्ने तयारी रहेको जानकारी दिनुभयो । उक्त सम्मेलनमा SEACEN का सदस्य संस्थाका गभर्नर र उच्च अधिकारीहरूको सहभागिता थियो ।

कार्यक्रमको दोस्रो दिन गभर्नर अधिकारी 43rd SEACEN Board of Governors' (BOG) Meeting मा सहभागी हुनुभयो । भारतीय रिजर्व बैंकको गभर्नर शक्तिकान्त दासको अध्यक्षतामा आयोजित बैठकमा SEACEN का कार्यकारी निर्देशक मङ्गल गोस्वामीले सन् २०२३ मा भएका गतिविधि र चालु रणनीतिक योजनाको कार्यान्वयन अवस्थाबारे जानकारी दिनुभयो ।

बैठकमा सन् २०२४ का निम्ति प्रस्तावित प्रशिक्षण र अनुसन्धान, बजेट, साङ्गठनिक नतिजालगायतका विषयमा छलफल भई सहभागीको राय/सुझावका आधारमा प्रस्तावहरू अनुमोदन भएको थियो । सो अवसरमा गभर्नर

अधिकारीले समेत आफ्नो मन्तव्य राख्नुभएको थियो ।

बैठकका क्रममा गभर्नर अधिकारीले भारतीय रिजर्व बैंक र नेसनल बैंक अफ कम्बोडियाका गभर्नर तथा मनिटरी अथोरिटी अफ सिङ्गापुरका मेनेजिङ डाइरेक्टरसँग छुट्टाछुट्टै द्विपक्षीय भेटवार्ता गर्नुभएको थियो । SEACEN को ६० औं गभर्नर्स सम्मेलन र ४४ औं बोर्ड अफ गभर्नर्स बैठक दक्षिण कोरियामा हुने जनाइएको छ । सम्मेलनमा सहभागी भई गभर्नर अधिकारी २०८० फागुन ८ गते स्वदेश फर्कनुभयो ।

## NPI र UPI को भुक्तानी प्रणाली एकीकृत गर्ने TOR हस्ताक्षर

नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच अन्तरदेशीय विद्युतीय भुक्तानी प्रणालीको विकासको निम्ति नेपालको National Payments Interface (NPI) र भारतको Unified Payments Interface (UPI) को प्रणालीलाई एकीकृत गर्ने सम्बन्धमा द्विपक्षीय नियामकीय संयन्त्र स्थापना गर्ने सम्बन्धमा समझदारी भई एक Terms of Reference (TOR) मा हस्ताक्षर भएको छ ।



नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारी र भारतीय रिजर्व बैंकका गभर्नर शक्तिकान्त दासको उपस्थितिमा २०८० फागुन ३ गते भारतको मुम्बईमा आयोजित कार्यक्रममा सोसम्बन्धी द्विपक्षीय समझदारीको Terms of Reference (TOR) मा हस्ताक्षर भएको हो । TOR मा नेपाल राष्ट्र बैंकका तर्फबाट विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक तुलसीप्रसाद घिमिरे र भारतीय रिजर्व बैंकको तर्फबाट भुक्तानी तथा फछ्र्यौट विभागका चिफ जनरल मेनेजर गुनबीर सिंहले हस्ताक्षर गर्नुभयो ।

सो अवसरमा नेपाल राष्ट्र बैंक र भारतीय रिजर्व बैंकबीच गठित अन्तरदेशीय विद्युतीय भुक्तानीसँग सम्बन्धित Joint Steering Committee पहिलो बैठकसमेत सम्पन्न भएको छ ।

NPI र UPI को भुक्तानी प्रणालीको एकीकृत गर्ने सम्झौताको कार्यान्वयनपछि दुई मुलुकबीच हुने अन्तरदेशीय विद्युतीय भुक्तानी कारोबार सहज, सुलभ, छिटो र सुरक्षित हुने अपेक्षा गरिएको छ । यसबाट नेपाल र भारतका नागरिकलाई आफ्नो मुलुकमा विप्रेषण ट्रान्सफर, स्वास्थ्य उपचार, भ्रमण खर्चको भुक्तानीका निम्ति सहज हुने विश्वास लिइएको छ ।

सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणको समयमा NPI र UPI बीच अन्तरआबद्धताको लागि नेपाल क्लियरिङ हाउस लिमिटेड (NCHL) र भारतको एनपीसीआई इन्टरनेसनल पेमेन्ट्स लिमिटेड (NIPL) बीच सन् २०२३ जुनमा समझदारीपत्र आदानप्रदान भएको थियो ।